# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०८/२४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

<table>
<tr><th>सि.नं</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको माग दावी तथा विशेष अदालतको फैसला</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>प्रतिवादीहरु मधुकर प्रसाद राजभण्डारी र दिपा श्रेष्ठ मु.नं (०७९-CR-०१४९) फैसला मिति २०८१।०३।२४</td>
<td>गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।</td>
<td>आयोगको माग दावी<br>• मधुकर प्रसाद राजभण्डारीले सार्वजनिक पदको दुरुपयोग गरी रु.३,५६,७७,३४६।१७ (तीन करोड छपन्न लाख सतहत्तर हजार तीन सय छयालिस रुपैया सत्र पैसा) गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको हुँदा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज मधुकर प्रसाद राजभण्डारीलाई बिगो रु.३,५६,७७,३४६।१७ (तीन करोड छपन्न लाख सतहत्तर हजार तीन सय छयालिस रुपैया सत्र पैसा) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम कैद तथा जरिवानाको सजाय हुन मागदावी लिईएको छ। साथै प्रतिवादी मधुकर प्रसाद राजभण्डारीले जाँच अवधिमा गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति रु.३,५६,७७,३४६।१७ मध्ये प्रतिवादी मधुकर प्रसाद</td>
<td>फैसलाः<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br>• प्रतिवादीको आय र व्ययमा आरोप पत्र र फैसलामा मुख मिलेको शिर्षक तर्फ कुनै जिकिर तथा विवेचना नगरी देहाय बमोजिमका मुख नमिलेको आय र व्यय शिर्षकमा मात्र विवेचना गरिएको छ।<br>• <u>आरोप दावी मा उल्लेखित व्ययका शिर्षकको हकमा,</u><br>• घरको निर्माण लागत खर्चमा ठेक्का र ओभरहेड खर्च समेत २० प्रतिशत कट्टा गरि निर्माण लागत वापत गणना गर्न मिल्ने देखिएको,<br>• <u>आरोप दावीमा उल्लेखित आयका शिर्षकहरुको हकमाः-</u><br>• पारिश्रमिकको हिसाबको हकमा प्रतिवादीले आफु कार्यरत रहेका विभिन्न कार्यालयबाट तलब, भत्ता, चाडपर्व भत्ता, ग्रेड समेत गणना गरि पाउ भनि थप प्रमाण पेश गरेकोले पारिश्रमिक आयमा थप गणना हुनुपर्ने देखिएको।<br>• प्रतिवादीको श्रीमति दिपा श्रेष्ठको पारिश्रमिक आयको हकमा, निजले ओरेक नेपाल र नारायणम् निर्माण सेवा प्रा. लि.बाट प्राप्त गरेको पारिश्रमिकको प्रमाण पेश गरेको देखिँदा आयमा गणना गर्नु पर्ने देखिएको।<br>• वैदेशिक भ्रमण आयको हकमा, जापान, थाईल्याण्डमा Network of Asian River Basin Organization (NARBO) विषयक कार्यशाला, जाईकाको PIAT समेतका कार्यक्रममा गएको मनोनयन पत्र, पासपोर्ट र भिसाबाट पुष्टी भएको अवस्थामा उक्त भ्रमण आय गणना गर्नुपर्ने देखिएको,<br>• दैनिक भ्रमण भत्ता आयको हकमा प्रतिवादी विभिन्न स्थानमा नियुक्ति, पदस्थापन, सरुवा, वढुवा, काजमा बसेको दैनिक भ्रमण भत्ता पाईने, प्रतिवादीको कार्य प्रकृति र कार्यालय फिल्डमा जानु पर्ने प्रकृतिको हुँदा दैनिक भ्रमण भत्ता पाउने, तथा सेवाबाट अवकाश भैसकेपछि अनुन्धान गरिएकोमा सोही क्रममा एकैचोटी सबै प्रमाण जुटाउन नसक्नु पनि स्वभाविक हुने हुँदा प्रतिवादीले दैनिक भ्रमण भत्ता बुझेको प्रत्यक्ष प्रमाणबाट पुष्टि हुने रकम प्रतिवादीको आयमा गणना गरिदिनु पर्ने देखिएको,<br>• स्थानीय भत्ता आयको हकमा, नेपाल राजपत्र भाग ४ मिति २०४२।१।१० खण्ड ३५ मा प्रकाशित अर्थ मन्त्रालयको सूचनामा रोल्पाको स्थानीय भत्ता दर ६५ प्रतिशत् रहेको हुँदा प्रतिवादीले स्थानीय भत्ता वापत लिएको जिकिर मिलेकै देखिएको,<br>• व्यक्तिगत ऋण आयको हकमा प्रतिवादीले जिकिर लिएका व्यक्तिगत ऋणहरुमध्ये प्रतिवादीले पेश गरेको बैंङ्क स्टेटमेन्ट जस्ता वस्तुनिष्ठ प्रमाणले पुष्टि गरेको अवस्थामा तथा अनुसन्धानको क्रममा बुझिएको लिखत प्रमाणलाई अनुसन्धानबाटै खण्डन नभएसम्म प्रमाणमा लिन मिल्ने हुँदा व्यक्तिगत ऋण आय गणना गर्नुपर्ने देखिएको,</td>
<td>• प्रतिवादी जलस्रोत तथा सिंचाई बिभागका तत्कालीन महानिर्देशक (अवकाश प्राप्त सुपरिटेन्डेन्ट ईन्जिनियर) मधुकर प्रसाद राजभण्डारीले सार्वजनिक सेवाको पदमा कार्यरत हुँदा पेश गरेको सम्पत्ति बिवरण, अनुसन्धानको क्रममा निज प्रतिवादी मधुकर प्रसाद राजभण्डारी र निजको श्रीमती दिपा श्रेष्ठ समेतको बयान, बिभिन्न बैंकबाट प्राप्त बिवरण, अनुसन्धानको सिलसिलामा संकलित विभिन्न चल अचल सम्पत्तिहरुसंग सम्बन्धित बिभिन्न निकायहरुवाट प्राप्त प्रमाण कागजातहरु लगायत निज प्रतिवादीको सम्पूर्ण आय व्ययका सम्बन्धमा गरिएको आयव्यय प्रवाह विवरण (Income Expenditure Cash Flow) को प्रचलित कानूनको ब्यबस्थाको रोहमा बस्तुनिष्ठ तवरले अध्ययन एवं विवेचना गर्दा प्रतिवादीको अनुसन्धान जाँच अवधिको समग्र आय ब्यय निम्न बमोजिम देखिन्छः-
<table>
<tr><th rowspan="2">सि. नं.</th><th colspan="2">आय रकम</th><th colspan="2">ब्यय रकम</th></tr>
<tr><th>बिवरण</th><th>रकम</th><th>बिवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मधुकर प्रसाद राजभण्डारी पारिश्रमिक बचत आय</td><td>४०,०३,९६१.५०</td><td>जग्गा खरिद</td><td>१,४८,५९,४५६.५०</td></tr>
<tr><td>२</td><td>दिपा श्रेष्ठ पारिश्रमिक बचत आय</td><td>२८,१९,७२२.००</td><td>घर निर्माण लागत</td><td>४२,३२,८६२.३१</td></tr>
<tr><td>३</td><td>दिपा श्रेष्ठ उपदान</td><td>२,२२,४३५.००</td><td>शेयर खरीद</td><td>३१,६०,८३०.००</td></tr>
<tr><td>४</td><td>दैनिक भ्रमण भत्ता आय</td><td>१,५४,४६४.२०</td><td>सवारी साधन खरिद</td><td>३८,९९,०००.००</td></tr>
<tr><td>५</td><td>स्थानीय भत्ता</td><td>९१,८१८.००</td><td>अध्ययन खर्च</td><td>५२,४५,५३०.००</td></tr>
<tr><td>६</td><td>बीमा परिपक्व</td><td>४,७३,८६४.८८</td><td>ऋण तिरेको</td><td>१,२२,९४,९५७.१५</td></tr>
<tr><td>७</td><td>शेयर बिक्री</td><td>२,३६,८३१.००</td><td>कम्पनीमा लगानी</td><td>३०,००,०००.००</td></tr>
<tr><td>८</td><td>ऋण लिएको</td><td>१,४८,९१,६८९.२</td><td>बीमा प्रिमियम भुक्तानी</td><td>१,२८,२८,२६०.०</td></tr>
</table>
</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>राजभण्डारीले आर्जन गरी निज र निजको श्रीमति दिपा श्रेष्ठको नाममा राखी हाल कायम रहेको स्रोत नखुलेको, आंशिक स्रोत नखुलेको र आंशिक स्रोत खुलेको सम्पत्तिहरुबाट समेत साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा १६ ग., दफा २९ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम जफत/असुल उपर गरी पाउन मागदावी लिइएको तथा प्रतिवादीले सार्वजनिक सेवाको पदमा रहँदाका बखत गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको स्रोत नखुल्ने सम्पत्तिहरूबाट आफ्नो तथा श्रीमती दिपा श्रेष्ठको नाममा खरिद गरिएका जग्गाहरू, घर निर्माण, कम्पनी लगानी, शेयर खरिद, विमा प्रिमियम भूक्तानी र बैंक खाताहरुमा मौज्दात रकम लगायतमा गरिएका खर्चहरु मध्ये दिपा श्रेष्ठको नाममा रहेका जग्गा खरिद, घर निर्माण र बैंक मौज्दातको तालिकाहरूमा उल्लिखित स्रोत नखुलेको सम्पत्ति र त्यसबाट बढेबढाएको सम्पत्ति, आंशिक स्रोत खुलेको सम्पत्ति समेत जफत गर्ने प्रयोजनार्थ मात्र साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग., दफा २९ र प्रचलित भ्रष्टाचार</td>
<td>

- **बिमा परिपक्व आयको हकमा** समग्र जाँच अवधिको आय व्ययको हिसाब गरी जम्मा व्ययको स्रोत पुग्ने नपुग्ने निर्णय गर्नु पर्ने सिद्वान्तलाई मान्नु पर्ने विश्लेषण गरिएको हुँदा जम्मा भुक्तानी प्राप्त भएको बिक्रीबाट भएको आयलाई नै कायम गर्नु पर्ने हुँदा आय गणना गर्नु पर्ने देखिएको तथा प्रतिवादीको छोरी सुरभि राजभण्डारी तथा छोरा स्पर्श राज भण्डारीको विमाको प्रिमियम भने प्रतिवादीको व्ययमा गणना गरेको देखिंदा उक्त आयलाई गणना गर्नु नै पर्ने देखिएको,
- **घरबहाल आयको हकमा** प्रतिवादीको सबै घर जग्गा आफैले प्रयोग नगरी वहालमा दिन सक्ने अवस्था लाई ईन्कारी गर्नु पर्ने नदेखिएको, प्रतिवादीले प्रमाण स्वरुप पेश गरेको बहाल कर तिरेको रसिद तथा सम्झौता र हाम्रो मुलुकमा व्यक्तिले कर बुझाउने र सो मा पनि घर जग्गाको बहाल कर बुझाउने प्रचलन र अभ्यास प्रारम्भ भएको धेरै नभएको समेत आधारमा घर जग्गा बहाल वापतको रकम प्रतिवादीको आयमा गणना गर्नु पर्ने देखिएको,
- **कृषि आयको हकमा** कृषि आय कायम गर्दा लिएको आधार फिल्डमा गएको नभई कृषि विभागमा राखिएको मापदण्डको आधारमा उक्त प्रतिवेदन दिएको भनी लेखाएको र प्रतिवेदनसाथ स्थानीय व्यक्तिहरुको मुचुल्का वा निजहरुलाई बुझिएको कुनै आधार समेत पेश गरेको नदेखिएको हुँदा उक्त प्रतिवेदन पनि बस्तुगत् भएको भन्न मिल्ने नदेखिएबाट वादीको दाबी र प्रतिवादीको जिकिर समेतलाई समन्यायिक दृष्टिबाट आय कायम गर्न न्यायोचित हुने देखिएको,
- **शेयर बिक्री आयको हकमा** श्रोत नपुगेको आधारमा सोही अनुपातमा आय गणना नगरेको सम्बन्धमा हेर्दा समग्र जाँच अवधिको आय व्ययको हिसाब गरी जम्मा व्ययको स्रोत पुग्ने नपुग्ने निर्णय गर्नु पर्ने सिद्वान्तलाई मान्नु पर्ने विश्लेषण गरिएको हुँदा जम्मा बिक्रीबाट भएको आयलाई नै कायम गर्नु पर्ने,
- **ब्याज आयको हकमा** समग्र सम्पत्तिको श्रोत पुष्टि गर्न जाँच अवधिको समग्र आयको गणना गरेर मात्र निश्कर्ष गर्न सकिने हुँदा बैक ब्याजका सन्दर्भमा पनि सोही विधि अपनाउनु पर्ने देखिंदा प्रतिवादीले पेश गरेको बैङ्क स्टेटमेण्टबाट पुष्टि हुन आएको रकमलाई निजको आयमा गणना गर्नु पर्ने,
- **पोषाक भत्ताको हकमा** प्रतिवादी निजामती राष्ट्रसेवक कर्मचारी रहेको अवस्थामा वादीले निजले पाउने पोषक भत्तामा कुनै आम्दानी नै गणना गरेको नदेखिएकोले आ. व ०६६।०६७ देखि सेवा अवधिसम्म पोषाक भत्ता गणना गर्नु पर्ने देखिएको,
- **सुन बिक्री आयको हकमा** प्रतिवादी मधुकर राजभण्डारी र दिपा श्रेष्ठसंग गरगहना रहनु अस्वभाविक नदेखिनु, जाँच अवधिको समग्र आय र व्यय तुलना गरेर नै व्ययको श्रोत पुगे नपुगेको निस्कर्ष गर्नु पर्ने हुँदा प्रतिवादीले पेस गरेको बिलमा उल्लेख भएको रकमलाई प्रतिवादीको आयमा गणना गर्नु पर्ने,
- **तसर्थ, माथि उल्लेखित आधार कारणबाट विशेष अदालतबाट फैसला हुँदा प्रतिवादीको समग्र आय व्ययको अवस्था निम्न बमोजिम कायम हुने गरी फैसला भएको छः**

</td>
<td>
<table>
<tr><td></td><td></td><td>८</td><td></td><td>०</td></tr>
<tr><td>९</td><td>घर बहाल आय</td><td>३३,२२,८५९.९९</td><td>नगद मौज्दात</td><td>१०,०००.००</td></tr>
<tr><td>१<br>०</td><td>बैदेशिक भ्रमण आय</td><td>१०,२०,४८५.००</td><td>बैङ्क मौज्दात</td><td>१,४६,९८,१९०.६<br>९</td></tr>
<tr><td>१<br>१</td><td>सेवा निवृत्त आय</td><td>७०,४९,२११.०८</td><td></td><td></td></tr>
<tr><td>१<br>२</td><td>निवृतीभरण आय</td><td>१,४९,४२२.००</td><td></td><td></td></tr>
<tr><td>१<br>३</td><td>कृषि आय</td><td>४,८६,७८१.००</td><td></td><td></td></tr>
<tr><td>१<br>४</td><td>बिप्रेषण आय</td><td>३१,७२,०७९.७५</td><td></td><td></td></tr>
<tr><td>१<br>५</td><td>शेयर लाभांश आय</td><td>५६,११५.८०</td><td></td><td></td></tr>
<tr><td>१<br>६</td><td>अन्य आय (प्रतिवेदन, प्रस्ताबना तयार)</td><td>४,००,०००.००</td><td></td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३,८५,५१,७४०.<br>४८</td><td>जम्मा</td><td>७,४२,२९,०८६.६<br>५</td></tr>
<tr><td colspan="4">आय भन्दा खर्च लगानी (व्यय) बढी देखिएको स्रोत नखुलेको रकम रु.</td><td>३,५६,७७,३४६.१७</td></tr>
</table>

- विशेष अदालतबाट भएको फैसलामा यी प्रतिवादीको आय ब्ययको स्थितिको मूल्यॉंकन गर्दा आय तथा व्ययका निम्न आय ब्यय शिर्षकहरूमा आयोगले दावी गरेको भन्दा फरक गरी घटबढ गरेको देखिएको र उक्त फैसला शिर्षकगत रुपमा देहाय बमोजिमको आधार कारणबाट त्रुटिपूर्ण रहेकोले बदरभागी छ।
- **प्रतिबादीको व्यय शिर्षक तर्फः**
- **घर निर्माण व्ययको** हकमा आयोगले दिपा श्रेष्ठ राजभण्डारीको नाममा रहेको का.जि. चन्द्रागिरी न.पा. वडा नं.१३ स्थितमा रहेको कि.नं.१०९ क्षे.फ.०-५-०-० आना जग्गामा आ.व.२०६६।०६७ मा २८३७.७६ व.फी. भएको घर निर्माण, ईन्टेरियर डिजाईन साज सजावट, फर्निचर र ईलेक्ट्रिकल सरसामान जडान समेतमा लागेको खर्च रु.४२,३२,८६२.३१।— व्ययमा गणना गरेकोमा प्रतिवादीले अदालतमा बयान तथा

</td>
</tr>
</table>

निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम निज दिपा श्रेष्ठलाई प्रतिवादी कायम गरी मागदावी देखिन्छ।

**अदालतको फैसला**

- प्रतिवादी मधुकर राजभण्डारीको जाँच अवधि २०५१।११।३० देखि मिति २०७९।०५।३१ सम्मको जम्मा व्यय रु.७,३३,८२,५१४।१८ देखिन आएकोमा यही अवधिको निजको आय रु.७,३४,४१,३६४।- देखिन आएको हुँदा प्रतिवादीको समग्र आय व्यय गणना गर्दा जम्मा व्यय भन्दा वैध आय वढी नै रहेको देखिन आएकोले प्रस्तुत मुद्दामा आरोपदावी पुग्न नसकेको अवस्थामा **सफाई दिने ठहर गरी फैसला** भएको अवस्था छ।

**यस अदालतबाट कायम भएको आय व्ययको समग्र स्थिति तालिका**

| सि.नं. | विवरण | आय रकम | सि.नं. | विवरण | व्यय रकम |
|---|---|---|---|---|---|
| १ | मधुकर प्रसाद राजभण्डारी पारिश्रमिक बचत आय | ४,०६०,७१६.०० | १ | जग्गा खरिद | १४,८५९,४५६.५० |
| २ | दिपा श्रेष्ठ पारिश्रमिक बचत आय | ८,०२२,३६०.७५ | २ | घर निर्माण लागत | ३,३८६,२८९.८४ |
| ३ | दिपा श्रेष्ठ उपदान | २२२,४३५.०० | ३ | शेयर खरीद | ३,१६०,८३०.०० |
| ४ | दैनिक भ्रमण भत्ता आय | ३४१,४९०.०० | ४ | सवारी साधन खरि | ३,८९९,०००.०० |
| ५ | स्थानीय भत्ता | ९८,२६६.०० | ५ | अध्ययन खर्च | ५,२४५,५३०.०० |
| ६ | बीमा परिपक्व | १,६४१,५३६.५० | ६ | ऋण तिरेको | १२,२९४,९५७.१५ |
| ७ | शेयर बिक्री | २७९,४६३.०० | ७ | कम्पनीमा लगानी | ३,०००,०००.०० |
| ८ | ऋण लिएको | १४,८९१,६८९.२८ | ८ | बीमा प्रिमियम भुक्तानी | १२,८२८,२६०.०० |
| ९ | घर बहाल आय | ५,९५९,७६९.०० | ९ | नगद मौज्दात | १०,०००.०० |
| १० | बैदेशिक भ्रमण आय | १,२५९,६५८.०० | १० | बैङ्क मौज्दात | १४,६९८,१९०.६९ |
| ११ | सेवा निवृत्त आय | ७,६६०,८२६.६१ | | | |
| १२ | निवृतीभरण आय | १४९,४२२.०० | | | |
| १३ | कृषि आय | ५८४,१३६.०० | | | |
| १४ | बिप्रेषण आय | ३,१७२,०७९.७५ | | | |
| १५ | शेयर लाभांश आय | २१५,३६३.८० | | | |
| १६ | अन्य आय (प्रतिवेदन, प्रस्ताबना तयार) | ४००,०००.०० | | | |
| | अदालतबाट कायम भएको आय | | | | |
| १७ | ब्याज आय | ३,४३२,८५२.३६ | | | |
| १८ | पोषाक भत्ता | १०७,५००.०० | | | |
| १९ | सुन बिक्री आय | १,५००,०००.०० | | | |
| २० | व्यक्तिबाट लिएको कर्जा | ८,४४१,८००.०० | | | |
| २१ | बैना आय | ११,०००,०००.०० | | | |
| | | | | | |
| | **जम्मा** | **७३,४४१,३६४.०५** | | | **७३,३८२,५१४.१८** |

- माथिको तालिकाबाट प्रतिवादी मधुकर राजभण्डारीको जाँच अवधिमा जम्मा ब्यय रु.७,३३,८२,५१४.१८।- देखिन आएकोमा जाँच अवधिको निजको आय रु.७,३४,४१,३६४।- देखिन आएको हुँदा प्रतिवादीको समग्र आय व्यय गणना गर्दा जम्मा व्यय भन्दा वैध आय वढी नै रहेको देखिन आएकोले प्रस्तुत मुद्दामा आरोपदाबी पुग्न नसकी सफाई पाउने गरी फैसला भएको अवस्था छ।

लिखित प्रतिवाद गर्दा ठेक्का कर र ओभरहेड कस्ट कट्टा नगरी गणना गरेको भन्ने समेतको जिकिर लिएको देखिन्छ। विशेष अदालतबाट फैसला हुँदा प्रतिवादीको जिकिर अनुसार मूल्यांकन गर्दा ठेक्का कर वापतको ५ प्रतिशत र ओभरहेड कस्ट वापतको १५ प्रतिशत कट्टा गरेको नदेखिएको अवस्थामा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुसार घरको मूल्यांकन गर्दा ठेक्का कर र ओभरहेड कस्ट कट्टी गर्ने कुरालाई सिद्धान्तको रुपमा अंगिकार गरेको हुँदा आयोगले भवन तथा शहरी विकास विभागको दररेट अनुसार गणना गरेको रकममा २० प्रतिशत कट्टा गर्दा हुने रकम रु. ३३,८६,२८९.८४।— निर्माण व्यय कायम गर्ने गरी फैसला भएको अवस्था देखिन्छ।

- प्रतिवादीको उक्त घरको अवस्थाको मूल्यांकन गर्दा उक्त घरको वर्गिकरण मध्यमस्तरको भवनमा पर्ने देखिएको, भवन निर्माण गर्दा प्रयोग भएका सामानहरु, स्यानिटरीको सुविधाको तथा विद्युतीय उपकरणको उपलब्धताबाट समेत मध्यमस्तरको रहेको देखिन्छ। उक्त घर निर्माण गर्दा प्रतिवादी मधुकर प्रसाद राजभण्डारी तथा निजको पत्नी दिपा श्रेष्ठ समेत आ-आफ्नो कार्यालयमा कार्यरत रहेको, भवन बनाउन प्रयोग भएको सामान तथा डिजाईनिङ्गबाट सो प्रकारको भवन बनाउन ठेक्का दिनुपर्ने अवस्था देखिएको हुँदा ठेक्कामा भवन बनाउन दिनुको बिकल्प नरहेको तथा आयोगबाट सम्पन्न भएको घर मुल्याङ्कन प्रतिवेदनबाट उक्त घरको निर्माण लागत तथा घरमा जडित रहेका विद्युतिय उपकरणहरु एवं फर्निचर लगायतका फर्निसिंङ्ग समेतमा भएको खर्च तथा लगानी रकमलाई खण्डन गर्न नसकेको हुँदा प्रतिवादीले उक्त घर निर्माण आफैले गरेको भन्ने निश्चयात्मक तवरबाट पुष्टी गरी ठेक्का कर र ओभरहेड कस्ट कट्टा हुनेपर्ने यथेष्ट आधार प्रमाण पेश नगरी केवल जिकिर लिएको आधारमा अदालतले अनुमानको भरमा घर प्रतिवादीले स्वयंले बनाएको भनी उक्त रकम आयबाट घटाई गरेको फैसला त्रुटीपूर्ण रही बदरभागी छ।

- **प्रतिवादीको आय शिर्षक तर्फः**

- **मधुकर प्रसाद राजभण्डारीको पारिश्रमिक आय र भत्ता सम्बन्धमाः-**

- प्रतिवादी मधुकर प्रसाद राजभण्डारीले सार्वजनिक सेवामा प्रवेश गरेको मिति २०५१।११।३० गते देखि अवकाश भएको मिति २०७८।१२।१४ सम्म निजामती कर्मचारीको आधिकारिक अभिलेख राख्ने संस्था राष्ट्रिय किताबखाना निजामतीको मिति २०७९।०८।२१ को च.नं. ३४२ को विवरण अनुसार जम्मा रू.४०,०३,९६१.५०।- लाई निजको पारिश्रमिक आयमा गणना गरीएकोमा प्रतिवादीले अदालतमा जिकिर गर्दा निजको पारिश्रमिक आयको शिर्षकमा आयोगले गणना गरेको तलब, भत्तामा विभिन्न शिर्षकमा आय गणना गर्न छुटाएको हुँदा उक्त आयलाई थप गरी जम्मा रु. ४३,१५,०२२।- कायम हुनुपर्ने जिकिर लिएको देखिन्छ। विशेष अदालतबाट फैसला हुँदा आयोगबाट गणना गरेको पारिश्रमिक आय शिर्षकमा छुट भएका विभिन्न शिर्षकलाई गणना गरी रू. ४०,६०,७१६।- लाई आय गणना गर्ने गरी फैसला गरेको अवस्था छ।

- प्रतिबादीले आफुले कसूरबाट उन्मुक्ति पाउने उद्देश्यले यस आयोगमा सम्पत्ति विवरण फारम साथ आय दावी नलिई अदालतमा पेश गरेको कागजलाई आधार मानी पेश गरिएको कागजातको आधिकारीकता समेत परिक्षण नगरी राजपत्रांकित तृतिय श्रेणीको तलव मासिक रू ३१०० देखि ३४६० तलव र ग्रेड रू. ४५ उल्लेख गरी थप रु. ७९१६।- तलव र भत्ता रू १८,२८४.७० थप गणना गर्ने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ। यसैगरी, प्रतिबादीको खानेपानी योजना रोल्पामा समेत अस्थायी नियुक्त गरेको भनेर रू. ४००४।-,

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सार्बजनिक निर्माण शाखा दाङ्गमा रा.प. अं. प्र.प्रा. श्रेणीमा कामा गरेको भनी रू. १८,७०४।-, सम्भाव्यता अध्ययन आयोजनामा पनि काम गरेको भनी रू ७,८७५।- गरी जम्मा पारिश्रमिक आयमा रू ४०,६०,७१६।- लाई आय गणना गरिएको छ। यद्यपि प्रतिवादीले उक्त आय श्रोतको विवरण समेत सम्पत्ति बिवरण फारममा उल्लेख गर्न सकेको नदेखिएको र उक्त आय श्रोतको विवरण अनुसन्धानको बयान गर्दा समेत खुलाउन नसकी प्रतिबादीले आफुले कसूरबाट उन्मुक्ति पाउने उद्देश्यले पछि श्रृजना गरिएको प्रमाणलाई कुनै न्यायिक परिक्षण नै नगरी आधिकारिक प्रमाणको रुपमा ग्रहण गरी आय कायम गरेको फैसला त्रुटिपूर्ण रहेको छ।<br>• **<u>दिपा श्रेष्ठको पारिश्रमिक आयः-</u>**<br>• प्रतिबादी मधुकर प्रसाद राजभण्डारीको श्रीमती दिपा श्रेष्ठ महिला पुनस्थापना केन्द्र (Women's Rehabilitation Center) को केन्द्रीय कार्यालयमा मिति १६ अक्टुवर ,२००० देखि ३१ डिसेम्बर २०१४ सम्म सेवा गरेको उक्त अबधीमा मासिक सेवा सुबिधा, भत्ता, चाडपर्ब भत्ता रकम, नागरीक लगानी कोष बापतको जम्मा रकम रु ३३,६०,५४३।- रूपैया प्राप्त गरेको भनी मिति २०७९।०६।१२ को पत्र मार्फत प्रमाणित गरी पठाएको आधारमा दिपा श्रेष्ठको पारिश्रमिक आय कायम गरिएकोमा निजको तलब भत्ता गणना गर्दा पारिश्रमिक आयमा १५ प्रतिशत जिवन निर्वाह खर्च कट्टा गरी बाँकी हुन आउने ८५ प्रतिशत रकमले हुने जम्मा रू.२८,१९,७२२।- लाई निजको पारिश्रमिक आयमा गणना गरी आरोपपत्र दायर गरिएको छ।<br>• प्रतिवादीले विशेष अदालतमा जिकिर गर्दा निजको पारिश्रमिक आयको शिर्षकमा आयोगले गणना गरेको तलब, भत्तामा आ. व. ०७१।०७२ मा समेत ओरेक संस्थामा काम गरेको तलब भत्ता गणना गर्नुपर्ने, नारायणम् निर्माण सेवा प्रा. लि. मा वित्तिय प्रवन्धकको रुपमा मिति २०७१।१०।१५ देखि कार्यरत रहेको जिकिर गर्दै उक्त कम्पनीबाट पारिश्रमिक, सवारी तथा ईन्धन भत्ता, शैक्षिक भत्ता तथा दैनिक भत्ता (फिल्ड भिजिट) बाट समेत प्राप्त गरेको बचत जम्मा रु.५०,२५,२५०।- थप गणना हुनुपर्ने समेतको जिकिर गरेकोमा विशेष अदालतबाट फैसला हुँदा प्रतिवादीको पत्नी दिपा श्रेष्ठले ओरेक नेपालबाट प्राप्त गरेको छुट पारिश्रमिक रू.२,२५,२५०।-, नारायणम् निर्माण सेवा प्रा. लि. बाट प्राप्त रु.४९,७७,३८८.७५।- र वादी स्वयंले गणना गरेको ओरेक नेपालबाट प्राप्त रू.२८,१९,७२२।– समेत जम्मा रू.८०,२२,३६०.७५।- पारिश्रमिक आय वापत गणना हुने गरि फैसला भएको देखिन्छ।<br>• प्रतिबादीले कसूरबाट उन्मुक्ति पाउने उद्देश्यले पेश गरेको कागजबाट थप गर्ने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ। प्रतिबादीले ओरेक नेपालबाट प्राप्त गरेको आ.ब. २०७०/०७१ को तलब भत्ता रू २,६५,०००।- र नारायणम् निर्माण सेवा प्रा.लि. बाट प्राप्त गरेको रू. ५८,५५,७५०।— आय गणना हुनु पर्ने भनी जिकिर लिएको र सोही आधारमा अदालतबाट समेत १५% कट्टा गरी बाँकी आय गणना गरेको देखिन्छ। प्रतिबादी दिपा श्रेष्ठले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा स.ज. ७ मा म फाईनान्स सम्बन्धी M.B.A Degree गरेकोले NGO Financing सम्वन्धी काम र घरको काम गर्ने गृहणी हो भनि बयान गरेको देखिन्छ। प्रतिबादी मधुकर प्रसाद राजभण्डारीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानको स.ज. २ मा श्रीमती गृहणी हो भनी बयान गरेको देखिन्छ। प्रतिबादीले यस आयोगमा पेश गरेको १३ पाने सम्पत्ति बिबरण फारममा समेत प्रकरण २ र ७ मा श्रीमती |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | को NGO सेवा भनी उल्लेख गरेको देखिन्छ र सोही आधारमा खण्ड २ को प्रकरण ७ (ख) मा श्रीमतीको आम्दानीमा NGO सेवा Worec Nepal pan no 101906760 भएको बिभिन्न मितिमा आय आर्जन गरेको भनी जम्मा रू ३३,९३,१४२।— लाई खुद आयमा गणना गरिनु पर्ने भनी जिकिर लिएको देखिन्छ। अधिकार प्राप्त अधिकारी समक्ष बयान तथा सम्पत्ति बिबरण भर्दा कही कतै नारायणम् निर्माण सेवा प्रा.लि. कम्पनिको बारेमा उल्लेख गरेको देखिँदैन। प्रतिबादीले सम्मानित अदालतमा बयान र लिखित प्रतिपादमा नारायणम् निर्माण सेवा प्रा.लि.मा काम गरेको भनी उक्त कम्पनिमा काम गरी आय आर्जन गरेकोलाई आयमा गणना गर्नु पर्छ भनी जिकिर लिएको देखिन्छ। प्रतिबादीले अदालतमा उक्त कम्पनिमा काम गरेको भनी जिकिर लिएतापनि उक्त कम्पनिमा काम गरेबापत प्राप्त पारिश्रमिक बैंकिङ प्रणाली मार्फत मासिक वा बार्षिक रुपमा निजको खातामा प्राप्त गरेको भनी जिकिर लिन सकेको छैन। यसैगरी सामाजिक सुरक्षा बापतको १% कर कट्टा गरी तलब लिनु पर्नेमा सो लिएको भनी उल्लेख गरेको छैनन र सोको प्रमाण समेत पेश गर्न नसकेको अबस्थामा उक्त कम्पनिमा काम गरेको भनी आय कायम गरी गरेको फैसला त्रुटिपूर्ण रहेको छ।<br>• प्रतिबादीले गरेको बयानलाई परिक्षण नै नगरी उक्त आय कायम गर्न मिल्ने देखिँदैन। यसरी उक्त आय प्राप्त गरेको भए मासिक रूपमा निजको तलवी खातामा प्राप्त गरेको प्रमाण अदालतबाट पेश गर्न आदेश गरी सम्बन्धित बैंक तथा सम्बन्धित कम्पनीमा समेत त्यसको आधिकारिकता परिक्षण गरेर मात्र आयमा गणना गर्नु पर्नेमा सो नगरी प्रतिबादीले गरेको जिकिरको आधारमा मात्र उक्त आय गणना गरिएको त्रुटिपूर्ण रहेको देखिन्छ। प्रतिबादीले दिपा श्रेष्ठ नारायणम् निर्माण सेवा प्रा.लि.मा मिति २०७१।१।१५ देखि कार्यरत रही काम गरेको भनी अदालतमा जिकिर लिई जम्मा रू ५०,२५,२५०।— आय कायम हुनु पर्छ भनी जिकिर लिएको देखिन्छ ।दीपा श्रेष्ठले उक्त कम्पनिमा काम गरेको तलवको पारिश्रमिक कर तिरेको छ छैन भनी अदालतबाट प्रश्न समेत उठाएको देखिँदैन। जबकी कम्पनिले कर तिरेको आधारमा आय कायम गरिएको छ। प्रतिबादीले कम्पनिमा काम गर्नु र उक्त कम्पनि स्थापना भई कम्पनिले कर तिर्नु बिलकुलै फरक फरक फरक बिषय हुन। कम्पनिले कर तिर्दैमा प्रतिबादी मधुकर प्रसाद राजभण्डारीको श्रीमती दिपा श्रेष्ठ उक्त कम्पनिमा काम गरेको भनेर भन्न सकिने अबस्था रहँदैन। प्रतिबादीले आयोग समक्ष मिति २०७९।०६।२७ मा पेश गरेको सम्पत्ति बिबरणमा दीपा राजभण्डारीको सेवा NGO सेवा भनी उल्लेख गरेको र सोही आधारमा आयको जिकिर लिएको देखिँदा दिपा श्रेष्ठ नारायणम् निर्माण सेवामा काम गरेको भन्ने जिकिर समेत खण्डनिय देखिन्छ।<br>• यसै सन्दर्भमा, सम्मानित सर्बोच्च अदालतबाट "**सार्वजनिक पदमा वहाल रहेको पदाधिकारीहरुले कानून बमोजिम नियमित रुपमा साधिकार निकायमा बुझाउने सम्पत्ति विवरण फारम कोरा औपचारिकताको विषय मात्र होइन। यसको प्रमाणिक मुल्य हुन्छ।जिम्मेवार पदाधिकारीले जिम्मेवार निकायमा आफैंले बुझाएको विवरणबाट सृजित जिम्मेवारीबाट पन्छिन मिल्दैन। गैरकानूनी सम्पत्ति आर्जन मुद्दामा आफुमाथि अनुसन्धानको प्रक्रिया शुरु हुनुभन्दा धेरै अगाडि नै आफैले स्वेच्छाले बुझाएको विवरणलाई पछि अन्यथा दावी गर्न मिल्दैन**"[1] भन्ने |

[1] युवराज भुषाल समेत बि. नेपाल सरकार, मुद्दा नं. २०७१-NF-००२१, गैरकानूनी सम्पत्ति आर्जन, पूर्ण ईजलाश

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सिद्दान्त प्रतिपादन भएको छ। यसरी प्रतिबादीले मौकामा अधिकार प्राप्त अधिकार र आयोगमा पेश गरेको सम्पत्ति बिवरणमा समेत जिकिर लिन नसकी प्रतिबादीले अदालतमा बयानमा कसूरमा उन्मुक्ति पाउने उद्देश्यले श्रृजना गरेको प्रमाणलाई आधार मानी गरेको फैसला सम्मानित अदालतबाट प्रतिपादित सिद्दान्तको बिपरित रही बदरभागी रहेको छ। त्यसैगरी ओरेक नेपालले उपलव्ध गराएको विवरणको आधारमा दिपा श्रेष्ठको पारिश्रमिक आय गणना गरिएकोले कुनै आधार प्रमाण विना पारिश्रमिक आयमा थप गणना गर्ने गरी गरिएको फैसला त्रुटीपूर्ण छ।<br>• **<u>दैनिक भ्रमण भत्ता तथा स्थानिय भत्ताबाट प्राप्त आय</u>**<br>• प्रतिवादी मधुकर प्रसाद राजभण्डारीले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात जलस्रोत तथा संचाई विकास डिभिजन कार्यालय, दाङ्ग लगायत विभिन्न कार्यालयहरुमा कार्यरत रहँदा प्राप्त गरेको दैनिक भ्रमण भत्ता आयमा ३०% जीवन निर्वाह खर्च कट्टी गरी बाँकी बचत हुन आउने रकम रु.१,५४,४६४.१०।- लाई निजको दैनिक भ्रमण भत्ता आयमा गणना गरि आरोपपत्र दायर भएको छ। साथै, प्रतिवादी मिति २०५१।११।३० देखि २०५५।०७।१० सम्म रोल्पा जिल्लामा इन्जिनियर/रा.प.तृतिय तहमा कार्यरत रहेको तथा सो अवधिमा कार्यरत रहँदाको स्थानीय भत्ता रु.९१,८१८।— आयमा गणना गरेकोमा प्रतिवादीले आरोपपत्र बमोजिमको आयलाई ईन्कार गरी उक्त शिर्षक मध्ये दैनिक भत्तामा जम्मा रु.७,४४,०५५।- तथा स्थानीय भत्ता वापत लिएको रु. ९८,२६६।- गणना हुनुपर्ने माग गरेको देखिन्छ।<br>• उपरोक्त शिर्षकहरुमा विशेष अदालतबाट फैसला हुँदा प्रतिवादीले दैनिक भ्रमण भत्ता बुझेको प्रत्यक्ष प्रमाणबाट पुष्टी हुन आएकोले रु.३,४१,४९०।- लाई प्रतिवादीको आयमा गणना गरिएको तथा निजले स्थानीय भत्ता वापत लिएको रु.९८,२६६।- को जिकिर बमोजिम आय गणना गरिएको अवस्था देखिन्छ।<br>• यसरी प्रतिवादीको उल्लेखित दैनिक भ्रमण भत्ता तथा स्थानिय भत्ताबाट प्राप्त आयको सन्दर्भमा उक्त भत्ताहरुको विवरण सम्बन्धित निकायबाट प्राप्त भएको आधिकारिक विवरण अनुसार गणना गरी आयमा राखिएको हुँदा अनुसन्धान सम्पन्न भएपश्चात आय वढाउने तथा कसूरबाट बच्ने उद्देश्यले पछीवाट प्रमाण श्रृजना गरी पेश गरेका प्रमाणहरुको आधारमा आय कायम गरि भएको फैसला त्रुटीपूर्ण हुदाँ बदरभागी छ।<br>• **<u>बिमा परिपक्व आय</u>**<br>• प्रतिवादी मधुकर प्रसाद राजभण्डारी सार्वजनिक सेवामा कार्यरत रहँदा निजको नाममा जम्मा रु.४,७३,८६४.८८ लाई मात्र बीमा परिपक्व आयमा गणना गरिएकोमा विशेष अदालतबाट फैसला हुँदा समग्र जाँच अवधिको आय व्ययको हिसाब गरी जम्मा व्ययको स्रोत पुग्ने नपुग्ने निर्णय गर्नु पर्ने सिद्दान्तलाई मान्नु पर्ने विश्लेषण गरिएको हुँदा जम्मा भुक्तानी प्राप्त भएको बिक्रीबाट भएको आयलाई नै कायम गर्ने गरी समग्र रुपमा प्रतिवादीको बिमा फिर्ता आय रु.१६,४१,५३६।५० प्रतिवादीको आयमा गणना गर्नेगरी फैसला भएको अवस्था देखिन्छ।<br>उपरोक्त सम्बन्धमा, प्रतिवादीले बिमा परिपक्व आयलाई गणना गर्नुपर्छ भनी जिकिर लिएपनि बिमाको प्रिमियम वा मुलधन बैध थियो भन्ने बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न नसकेकोले सो दावीलाई आयमा गणना गर्नु नमिल्ने देखिदा देखिदै प्रतिवादीको आयमा गणना गरि भएको फैसला त्रुटीपूर्ण रहि बदरभागी छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • **<u>शेयर बिक्रि आय</u>**<br>• प्रतिवादीले यस शिर्षकमा रू.२,८५,५३२।- गणना हुनु पर्ने भनी आयोग समक्ष दाबी लिएकोमा आयोगले रु.२,३६,८३१।– प्रतिवादीको आयमा गणना गरी आरोपपत्र गायर गरेकोमा विशेष अदालतबाट फैसला हुँदा समग्र जाँच अवधिको आय व्ययको हिसाब गरी जम्मा व्ययको स्रोत पुग्ने नपुग्ने निर्णय गर्नु पर्ने सिद्दान्तलाई मान्नु पर्ने विश्लेषण गरिएको हुँदा जम्मा बिक्रीबाट भएको आयलाई नै कायम गरी उक्त शेयरहरु बिक्री गरेबाट प्राप्त आयलाई गणना गरिएको फैसला सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको विपरित रहेको छ।<br>• सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त[2] अनुसार "**आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिँदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने।**" भन्ने सिद्धान्त प्रतिपादन भएकोले उक्त नजिर सिद्धान्त विपरित प्रतिवादीले उक्त शेयरहरु खरिद गर्दा आय श्रोत नपुगेको खण्डमा बिक्रिबाट आर्जन गरेको हदसम्मको आयलाई गणना गर्ने गरी भएको फैसला त्रुटीपूर्ण रहि बदरभागी छ।<br>• **<u>घर बहाल आय-</u>**<br>• प्रतिवादी मधुकर प्रसाद राजभण्डारीको श्रीमती दिपा श्रेष्ठको नाममा दर्ता कायम रहेको जिल्ला काठमाडौं, चन्द्रागिरी न.पा. वडा नं. १३ खड्कागाँउ स्थित रहेको घर, ललितपुर जिल्ला ललितपुर-४ स्थित रहेको कि.नं. ५१ क्षेत्रफल ०-१-२-०, कि.नं. १२५९ क्षेत्रफल ०-३-३-१ र कि.नं. १२५८ क्षेत्रफल ०-२-१-२ गरी जम्मा क्षेत्रफल ०-७-२-३ जग्गा र तुलसीपुर उपमहानगरपालिका वडा नं. १० स्थित रहेको कि.नं. ८४८ को पैतृक घर समेत बहालमा दिई जम्मा रु.५७,४९,६००।- आय प्राप्त गरेको भनी निजले पेश गरेको सम्पत्ति विवरण एवं बयान समेतमा दावी लिएकोमा स्रोत पुगेको रकमको प्रतिशतको अनुपात अनुसार घर बहाल वापत वैधानिक आय रु.३३,२२,८५९.९९।- मात्र पुष्टि भएको हुँदा सोही मात्र आयमा गणना गरी आरोपपत्र दायर गरिएकोमा उक्त शिर्षकमा विशेष अदालतबाट फैसला हुँदा, प्रतिवादीको चन्द्रागिरी न.पा. वडा नं. १३ खड्कागाँउ स्थित घरको वहाल आय रु.४३,९४,८४४।- ललितपुर- ४ स्थित कि. नं. ५१ को जग्गाको वहाल आय रु.२,९०,०००।- र घोराही उपमहानगरपालिका वडा नं १५ स्थित घरको वहाल आय रु.१२,७४,९२५।- समेत जम्मा वहाल वापतको आय रु.५९,५९,७६९।- प्रतिवादीको आयमा गणना गर्ने गरी फैसला भएको देखिन्छ।<br>• प्रतिवादीको घर बहाल आयतर्फ अदालतबाट फैसला हुँदा सर्वप्रथम मधुकर प्रसाद राजभण्डारीको श्रीमती दिपा श्रेष्ठको नाममा दर्ता कायम रहेको जिल्ला काठमाडौं, चन्द्रागिरी न.पा. वडा नं. १३ खड्कागाँउ स्थितमा रहेको घरको मात्र कर भूक्तानी गरेको देखिन आएको र कर भूक्तानी गरेको विवरण अनुसार उक्त घर वहाल रकम रु.३६,४२,६८८।- प्राप्त गरेको देखिए तापनि उक्त घर निर्माण गर्दा कुल रकमको ९१.२२% रकमको मात्र |

[2] नेपाल सरकार विरुद्ध युवराज शर्मा, ने.का.प.२०६९, अंक ५, नि.नं.८८८६

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | स्रोत पुगेको देखिएकोले स्रोत पुगेको रकमको प्रतिशतको अनुपात अनुसार घर बहाल वापत वैधानिक आय रु.३३,२२,८५९.९९।- मात्र पुष्टि हुने र **"सम्पत्ति खरिद गर्दा लगानी गरिएको आधारभूत मूल्यको स्रोत पुष्टि हुन सकेन भने सोही लगानीसम्म गैरकानुनी आर्जन हुने"** भन्ने सम्मानित सर्वोच्च अदालतबाट नजिर सिद्धान्त[3] प्रतिपादन भएको सन्दर्भलाई समेत विचार गर्दा घर बहाल आयमा स्रोत पुगे बराबरको रकम रु.३३,२२,८५९.९९।- लाई मात्र आयमा गणना गर्नुपर्नेमा समग्र आय व्ययको हिसाब गरी आय गणना गर्ने फैसला त्रुटीपूर्ण रहेको छ।<br>• यसैगरी ललितपुर- ४ स्थित कि नं ५१ क्षेत्रफल ०-७-२-३ को जग्गा केवल अनुसन्धानको क्रममा स्थलगत तस्विरमा साईन बोर्ड देखिएको आधारमा प्रतिवादीले उक्त जग्गा कानूनी प्रकृया पुरा गरी बहालमा दिई आय आर्जन गरेको भन्ने तथ्य वस्तुनिष्ठ एवम् निश्चयात्मक तवरबाट पुष्टी हुने नदेखिँदा सो हदसम्म फैसला त्रुटीपूर्ण रही बदरभागी छ। यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतबाट फैसला हुँदा समेत प्रतिबादीले घरबहालबाट भएको आयको जिकिर लिने व्यक्तिले घर बहालमा दिएको सम्झौता र उक्त आय बापतको आय कर तिर्नु बुझाउनु पर्ने भनी सिद्धान्त प्रतिपादन भएको छ। सम्मानित सर्वोच्च अदालतबाट **"काठमाण्डौ जस्तो स्थानमा पाँचवटा घर भएको र भाडाबाट अस्वभाविक र उल्लेख्य परिमाणको आय प्राप्त गरेको जिकिर लिइन्छ भने त्यसलाई व्यवसायकै रूपमा मान्नु पर्ने हुँदा मौखिक जिकीरका भरमा आय प्रदान गर्न मिल्दैन। ठुलो परिमाणमा घर भाडा प्राप्त गरेको भन्ने व्यक्तिले घर भाडा दिएको संझौता तथा कर तिरेको प्रमाण पेश गर्नु पर्ने...(प्रकरण ४६); बस्तुनिष्ठ आधारबिना नै हचुवाको आधारमा लिईने दावीलाई कानुनसंगत मान्न नसकिने (प्रकरण ४८); आफ्नो जिकीरलाई वस्तुपरक र कानुनले मान्यता दिएका प्रमाणबाट पुष्टि वा खण्डन गर्न तथ्ययुक्त बस्तुनिष्ठ प्रमाण प्रस्तुत गर्न नसकेको अवस्थामा मुद्दाका पक्षले अपुष्ट भनाई राखेकै आधारमा अदालतले पनि त्यसै गर्ने अवस्था नरहने (प्रकरण नं. ४९)**[4] भन्ने सिद्धान्त प्रतिपादन भएको छ। यसरी प्रतिबादीले ठुलो परिमाणमा घरभाडा आय दावी गरेको र उक्त घर भाडा दिएको घरको सम्झौता र कर तिरेको प्रमाण पेश गर्न नसकेको अवस्थामा मौखिक रूपमा अपुष्ट भनाई राखी आयमा गणना गरीपाउँ भन्ने जिकिर लिएको आधारमा उक्त आय कायम गरेको सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको विपरित रहेको हुँदा शुरू बिशेष अदालतको फैसला कानुनतः त्रुटिपूर्ण भई सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल रहेकोले बदरभागी छ।<br>• **<u>बैदेशिक भ्रमण आय-</u>**<br>• प्रतिवादी मधुकर प्रसाद राजभण्डारीले सार्वजनिक सेवामा कार्यरत रहेको अवधिमा विभिन्न मिति र समयमा अमेरिका, चीन, रसिया लगायतका विभिन्न देशहरुमा गई तालिम तथा अध्ययन भ्रमणको सिलसिलामा प्राप्त गरेको आयमा ३० प्रतिशत जीवन निर्वाह खर्च कट्टा गरी ७० प्रतिशत रकमले हुने जम्मा रकम रु.१०,२०,४८५।- लाई निजको आयमा गणना गरि आरोपपत्र दायर गरिएकोमा प्रतिवादीले लिखित प्रतिवादमा आयोगले कायम गरेको वैदेशिक भ्रमण आयमा रु. १२,५३,५३४।— थप हुनुपर्ने जिकिर लिएको देखिन्छ। |

[3] नेपाल सरकार विरुद्ध उमेश कुमार रेग्मी समेत (ने.का.प.२०७२,अंक १२, नि.नं. ९५०५)

[4] नेपाल सरकार बि. लीलाराज गौतम, ने.का.प.२०६९ अंक २ नि.नं. ८७७०

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | उक्त शिर्षकमा, विशेष अदालतबाट फैसला हुँदा रु. १२,५९,६५८।— आय कायम हुने गरी फैसला भएको छ।<br>• उक्त शिर्षकको सन्दर्भमा, प्रतिवादीले अनुसन्धानको बयान तथा सम्पत्ति विवरण फारममा वैदेशिक भ्रमणको आय सम्बन्धी प्रमाण पेश नगरी अनुमानको आधारमा विवरण उपलब्ध गराएको देखिन्छ। सोही बमोजिम प्रमाण सहित पेश गरेको विवरणलाई आयमा गणना गरिएकोमा प्रतिवादीले अदालतमा थप श्रृजना गरिएका प्रमाणहरु पेश गरेकोमा उक्त प्रमाणहरुको न्यायिक विश्लेषण नगरी विशेष अदालतले अनुमानको भरमा बढी आय गणना गरेको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटीपूर्ण रहि बदरभागी छ।<br>• <u>सेवा निवृत्त आय</u><br>• प्रतिवादी मधुकर प्रसाद राजभण्डारी र श्रीमती दिपा श्रेष्ठले ओरेक नेपाल संस्थाबाट अवकाश हुँदा प्राप्त गरेको आय जम्मा रु.७०,४९,२११.०८ लाई सेवा निवृत आयमा गणना गरी आरोपपत्र दायर गरिएकोमा विशेष अदालतबाट फैसला हुँदा "...जम्मा भएको रकमको आय कायम गर्दा ऋण सापटी रकमलाई कट्टा गरी पुनः सोही रकमलाई व्ययमा पनि गणना गर्दा दोहोरो पर्न गई प्रतिवादीका उपर अन्याय हुन जान्छ। तसर्थ ऋण सापटी बुझाएको रकमलाई व्ययमा गणना गरिएपछि जम्मा भएको रकमलाई पुरै आयमा गणना गर्नु पर्ने देखिंदा दिपा राजभण्डारीको सेवा निवृत्त आय (नागरिक कोष फिर्ता) वापत रु.१०,१०,०८९।१९।- नै गणना हुनु पर्ने देखिएको..." भन्ने व्यहोराको फैसला गरिएको छ।<br>• यस शिर्षको सन्दर्भमा, प्रतिवादी दिपा श्रेष्ठ राजभण्डारीले नागरिक लगानी कोष, वानेश्वर, काठमाडौंबाट पटक पटक गरी मिति २०६७।०६।१८ गते रु.२,०५,७००।— र मिति २०७०।१२।०६ गते रु.५,६६,१००।— ऋण लिएको आय रकममा गणना गरिएको अवस्था छ। यसैमा, दिपा श्रेष्ठ राजभण्डारीले नागरिक लगानी कोष, वानेश्वर, काठमाडौंबाट लिएको ऋणको साँवा ब्याज वापत मिति २०६८।१२।२२ गते रु.२,२०,२०६.०७।- तिरेको व्यय रकममा गणना गरिएको अवस्था छ।<br>• यसरी समग्र आय व्यय गणना गर्दा, प्रतिवादीले मिति २०७०।१२।०६ गते रु.५,६६,१००।— ऋण लिएको रकम आयमा गणना गरी निजले अवकाश पश्चात मिति २०७१।११।०१ गते आफ्नो नागरिक लगानी कोषमा जम्मा भएको रकम रु.१०,३५,९८९.१९।- मा कर कट्टी र निजले लिएको रु. ५,६६,१००।– ऋण सापटीको सावाँ व्याज समेत गरी रु.६,११,६१४.८१।— ऋण तिरेको अवस्था छ। उक्त रकम व्यय शिर्षकमा गणना गरिएको र बाँकी प्राप्त गरेको रू.३,९८,४७४.८१।— मात्र आयमा गणना गरीएकोमा विशेष अदालतबाट फैसला हुँदा जम्मा भएको रकमको आय कायम गर्दा ऋण सापटी रकमलाई कट्टा गरी पुनः सोही रकमलाई व्ययमा पनि गणना गर्दा दोहोरो पर्न गई प्रतिवादीका उपर अन्याय हुने भनी फैसला गरेको त्रुटीपूर्ण रहेको छ। यसरी फैसला गर्दा निजले लिएको ऋण सापटीबाट प्राप्त आयलाई वादीले गणना गरेको तर निजले सोही रकम अवकाश पश्चात फिर्ता गरेको तथ्यलाई शुरु अदालतबाट व्ययमा गणना नगर्दा आय व्ययको हिसाब नमिल्ने हुँदा सो हदसम्म फैसला त्रुटिपूर्ण रही बदरभागी छ।<br>• <u>कृषि आय</u><br>• प्रतिवादी मधुकर प्रसाद राजभण्डारीले पेश गरेको सम्पत्ति विवरण फाराम तथा बयानमा कृषिबाट प्राप्त आय रु.४०,४७,३९०.०६ भनी दावी लिए तापनि आयोगका कृषि विज्ञले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पेश गरेको प्रतिवेदन वमोजिम गणना गर्दा निजको पैतृक तथा स्व-आर्जित जग्गा समेतबाट २०५१ सालदेखि २०७९ सालसम्ममा निजको भागमा जम्मा रु.४,८६,७८१।- कृषि आय प्राप्त हुने देखिएकोले सो रकमलाई कृषि आयमा गणना गरी आरोपपत्र दायर गरिएकोमा विशेष अदालतबाट फैसला हुँदा वादीको दाबी र प्रतिवादीको जिकिर समेतलाई समन्यायिक दृष्टिबाट आय कायम गर्दा समग्रमा रु.५,८४,१३७।- गणना हुने गरी फैसला भएको अवस्था छ।<br>• उक्त शिर्षकमा, कृषि आय गणना गर्न नेपाल सरकारको आधिकारिक एवम् विज्ञको प्रतिवेदनलाई आधार मानेर मूल्यांकन गरिएको तथा उक्त प्रतिवेदकको बकपत्रमा समेत निजले कृषि विभागमा राखिएको मापदण्डको आधारमा मूल्यांकन गरी प्रतिवेदन पेश गरेको उल्लेख गरेको अवस्थामा विज्ञबाट मूल्यांकन भई उक्त साक्षीको अदालतमा बकपत्र समेत सम्पन्न भई पेश गरेको प्रमाणको परिक्षण भएको अवस्थामा उक्त प्रमाणलाई ग्रहण नगरी प्रतिवादीले श्रृजना गरेको प्रमाणको आधारमा आय रकम बढाउने गरी भएको फैसला प्रमाण कानूनको सिद्धान्त विपरित रहेकोले त्रुटिपूर्ण छ।<br>• **<u>अन्य आय/ अदालतबाट कायम भएको आय</u>**<br>• **<u>ब्याज आय</u>**<br>• प्रतिवादी मधुकर प्रसाद राजभण्डारीले आयोगमा पेश गरेको सम्पत्ति बिवरण फाराममा बैंक ब्याजबाट रु.१४,१८,६३२.५७।- आम्दानी भएको भनी दावी गरेको भएतापनि निजले बैंकमा राखेको रकमको मुलधन बैध थियो भन्ने पुष्टि समेत गर्न नसकेको अवस्थामा उक्त रकम बैध थियो भन्ने पुष्ट्याईको अभावमा अनुमानका आधारमा निजको आयमा गणना गर्न नमिल्ने हुदाँ बैंक ब्याजलाई आयमा गणना नगरी आरोपपत्र दायर गरिएकोमा प्रतिबादीले अदालतमा रू. ३४,३२,८४२.३६।- लाई ब्याज आयमा गणना हुनु पर्छ भनी लिएको जिकिरको सन्दर्भमा विशेष अदालतबाट फैसला हुँदा रु.३४,३२,८५२.३६।- लाई निजको आयमा गणना गर्नु नै पर्ने देखिन आएको भन्ने व्यहोराको फैसला भएको अवस्था छ।<br>• यस शिर्षकको सन्दर्भमा, प्रतिवादी मधुकर प्रसाद भण्डारीले ब्याज आयलाई आयमा गणना गर्नुपर्छ भनी जिकिर लिएपनि बैंकमा राखेको रकमको मुलधन बैध थियो भन्ने बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन। सम्मानित सर्बोच्च अदालतबाट **“बैंकमा राखेको रकमको ब्याजलाई आयमा समाबेश गर्नका लागी त्यसको मूलधन बैध थियो भन्ने तथ्य पुष्टि गर्न सक्नु पर्ने”**[5] भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। यसैगरी गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा वैधानिक स्रोतबाट आय आर्जन गरेको हो भनी पुष्टि गर्ने दायित्व प्रतिवादी उपर रहन्छ। यसरी प्रतिबादीले बैंकमा रहेको मुल धन नै बैध थियो भनी पुष्टि गर्न नसकेको अवस्थामा प्रतिबादीले लिएको जिकिरकै आधारमा बिना प्रमाण उक्त रकमलाई आयमा गणना गर्ने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ।<br><br>• **<u>पोशाक भत्ता-</u>**<br>• यस शिर्षकमा आयोगले अनुसन्धानको बखत खर्च भई जाने रकमको स्वरुप आय कायम नगरी आरोपपत्र दायर गरेको सन्दर्भमा, प्रतिबादी मधुकर प्रसाद राजभण्डारीले जागिर अवधिमा कूल प्राप्त गरेको पोशाक भत्ताको ३० प्रतिशत कटाई रू १,०७,५००।– पोशाक |

५ नेपाल सरकार बि. रामाज्ञा चतुर्वेदी, ने.का.प.२०६८ अंक ६ नि.नं. ८६३०

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भत्ता स्वरुपको आयलाई मान्याता दिई सम्मानित विशेष अदालतबाट उक्त आयलाई जाँच अवधिको आय कायम गरको देखिन्छ। पोशाक भत्ता बार्षिक रूपम एक पटक निजामती कर्मचारीको लागी पोशाक खरिद गर्नको लागी उपलब्ध गराएको रकम रहेको र उक्त रकम प्राप्त गरेपछि निजामती कर्मचारीले एक जोर कपडा खरिद गर्दा सकिने गरी उपलब्ध गराएको छ। उक्त रकमको ७० प्रतिशत बचत हुने सम्भावना हुँदै हुँदैन। पोशाक भत्ता खर्च भएर जाने रकम हो जुन एक पटक पोशाक खरिद गरिसकेपछि उक्त रकम पनि सकिने हुँदा बचत हुन सक्दैन। यसरी खुद खर्च भएर जाने रकमलाई समेत बचत हुने रकम मानी प्रतिबादीको बैधानिक आयमा कायम गर्न मिल्ने होईन। सोहि विषयमा सम्मानित सर्वोच्च अदालतबाट "**खुद खर्च भै जाने विविध शीर्षकको रकमलाई आयमा समावेश गर्न कुनै कानून र विवेकसम्मत आधार नदेखिने**"[6] भन्ने सिद्धान्त प्रतिपादन भएको छ। यसरी खुद खर्च भएर जाने रकमलाई समेत आय मानी प्रतिबादीको बैध आय कायम गरी गरेको उक्त फैसला सम्मानित अदालतबाट भएको फैसलाको प्रतिकुल रहेको हुँदा बदरभागी रहेको छ।<br>• **व्यक्तिगत ऋण आयः-**<br>• व्यक्तिगत ऋणको सन्दर्भमा, अनुसन्धान सम्पन्न भई आरोपपत्र दायर हुँदा प्रतिवादीले रकमहरू लिएदिएको, सापटी लिनुपर्ने अवस्था/प्रयोजन, सापटी पुष्ट्याई गर्ने वस्तुनिष्ठ प्रमाणसमेत पेश गर्न नसकेको, ऋण सापटी लिएको स्पष्ट मिति खुलाउन नसकेको र घरसारमा लिएको ऋण भाखा भित्र तिर्नु बुझाउनु पर्ने र आर्जन वा सम्पत्तिबाटै कर्जा तिरिने हुँदा ऋण लिएको रकम सधैका लागि आयस्रोत भइरहन्छ भन्न नमिल्ने आधार उल्लेख गरी ती ऋणहरु गणना नगरीएको अवस्थामा प्रतिवादी मधुकर प्रसाद राजभण्डारीले विशेष अदालतमा लिखित प्रतिवाद पेश गर्दा जाँच अवधि सम्म तिर्न बुझाउन बाँकी ऋण सापटी आय रु. ९०,८१,८००।— रहेको उल्लेख गरेकोमा फैसला हुँदा निजले ब्यक्तिगत ऋण लिएको भनी दावी गरेको मध्ये जम्मा रू. ८४,४१,८००।— लाई प्रतिबादीको समग्र आयमा गणना गरिएको छ।<br>• उक्त परिप्रेक्षमा उल्लेखित रकमहरू लिए/दिएको पुष्टि हुने बस्तुनिष्ठ प्रमाण मिशिल संलग्न कागजबाट देखिँदैन। प्रतिबादीले उक्त रकम सापटी लिनु पर्ने अबस्था अर्थात के प्रयोजनको लागी उक्त ऋण सापटी लिएको हो भन्ने बस्तुनिष्ठ प्रमाण पेश गर्न सकेको देखिँदैन। ऋण सापटी लिएको स्पष्ट मिति समेत खुलाउन सकेको देखिँदैन तथा सापटी तिर्नु नपर्ने भनी मधुकर राजभण्डारीले बयानमा लिएको जिकिर विश्वास योग्य देखिँदैन। उक्त ऋण सापटी लिएको भएपनि उक्त ऋण कहिले तिर्ने हो भन्ने समेत कुनै लिखत समेत पेश गर्न समेत सकेको देखिँदैन। सम्मानित सर्वोच्च अदालतबाट "**घरसारमा लिएको ऋण भाखा भित्र तिर्नि बुझाउनु पर्ने र आर्जन वा सम्पत्तिबाट कर्जा तिरिने हुँदा ऋण लिएको रकम सधैंका लागि आयस्रोत भईरहन्छ भन्न सकिदैन**"[7] सिद्धान्त प्रतिपादन भएको देखिन्छ। यसैगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३१(क) र भष्ट्राचार निवारण ऐन २०५९ को दफा ५० ले सम्पत्ति विवरणलाई Mandatory (बाध्यात्मक व्यवस्था) मानेको र व्यक्तिले आफ्नो आय र ब्ययको विवरण सम्पत्ति विवरण फारममा अनिबार्य रूपम उल्लेख |

[6] नेपाल सरकार बि. जयप्रसाद गुप्ता, ने.का.प. २०६८ नि.नं. ८७२२

[7] नेपाल सरकार बि. रामाज्ञा चतुर्बेदी, ने.का.प. २०६८ अंक ६ नि.नं. ८६३०

गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ। यसरी मौकाको सम्पत्ति बिबरण फाराम भर्दा कर्जा लिएको भनी उल्लेख गर्न नसकेको, व्यक्तिगत ऋण सापटी लिएको कुनै तमसुक कागज पेस गर्न नसकेको अवस्थामा समेत प्रतिबादीले लिएको जिकिर कै आधारमा उक्त जिकिरको बैधानिकता पुष्टाई नगरी आय कायम गरेको उक्त फैसला सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त तथा कानूनी व्यवस्था समेतको प्रतिकुल रहेको हुँदा बदरभागी छ।

- **बैना आयः-**
- यस शिर्षकमा प्रतिवादीले दाङ्ग घोराही उपमहानगरपालिका वडा नं. ८ख कि.नं. ५६९६ र ५६९१ को जग्गा नरेश कुमार राजभण्डारीलाई बिक्री गर्न बैना बापत पत्नी दिपा श्रेष्ठले रू ३५,००,०००।— नगदै बुझेको भनी मिति २०७४।०१।१७ को बैनाबट्टाको कागज, मधुकर प्रसाद राजभण्डारीको नाउँको दाङ्ग टरिगाउँ गा.बि.स. वडा नं. ४ क कि. नं. ६२१ को जग्गा तिलक बहादुर भण्डारीलाई बिक्रि गरेबापत रू २०,०००००।— नगदै लिएको मिति २०७८।०८।१४ को बैनालाई र प्रतिबादी पत्नि दिपा श्रेष्ठको नाउँमा रहेको काठमाण्डौ महानगरपालिका वडा नं. ४ कि.नं. ५१ को ,१२५८ र १२५९ को जग्गा नरेश कुमार राजभण्डारीलाई बिक्रि गर्ने गरी रू ५५,००,०००।— लिएको भनी मिति २०७९।०३।०१ को बैनालाई आधार मानी आयमा गणना गरिनुपर्छ भनी अनुसन्धान अधिकारी र अदालत समक्ष जिकिर लिएको देखिन्छ।
- प्रतिबादीले उक्त जिकिर गर्दा मिति २०७४।०१।१७ को बैना लिखत र सोही लिखत सम्बन्धमा बैना दाता नरेश कुमार राजभण्डारीले निज दिपा श्रेष्ठ उपर दायर गरेको ०७९-cp-७५२१ नं. को मुद्दामा भएको फैसला लाई आधार लिदा प्रस्तुत मुद्दा मिति २०८०।०३।०४ मा दायर भएकोमा उक्त मुद्दा दायर हुनु पुर्व नै उक्त मुद्दा दायर भएको हुँदा साधिकार अदालतबाट सबुद प्रमाण बुझी भएको फैसलालाई अन्यथा भन्न मिलेन भनी उक्त रकमलाई आय कायम गरेको देखिन्छ। जबकी उक्त मुद्दा प्रतिबादीले आयोगमा मिति २०७९।०६।२७ गते सम्पत्ति बिबरण बुझाएपछि र अनुसन्धान अधिकारी समक्ष बयान गरेपछि मात्र कसूरबाट उम्मुक्ति पाउनको लागी दुबै पक्षको मिलोमतोमा उक्त मुद्दा दायर गरी उक्त रकम लिएको स्वीकार गरी अदालतबाट फैसला भएको देखिन्छ।
- प्रतिबादी मधुकर प्रसाद राजभण्डारीले मिति २०७९।०६।२७ गते आयोगमा स्वतन्त्र रूपमा पेश गरेको सम्पत्ति बिबरणमा यी प्रतिबादीले मिति २०७४।०१ गते, मिति २०७९।०३।०१ र मिति २०७४।०१।१७ को बैना भएको भनीएकोमा यती ठुलो रकमलाई आयमा दावी लिएको छैन। प्रतिबादीले नरेश कुमार राजभण्डारीले बैना लिएको दुई ठाउँको जग्गाको गरी रू ९०,००,०००।— बैना गरेको देखिन्छ। नरेश कुमार राजभण्डारी नगद नै दिएको रकमको श्रोत अदालतबाट हेरिएको छैन। यति ठुलो परिमाणको रकम नगदै दिएको भन्ने जिकिर नै बिश्वासयोग्य छैन। बैना गर्ने व्यक्तिले कुन स्रोतबाट उक्त रकम लिएको हो उक्त रकमको बैधानिक आधार के हो भन्ने आधार तर्फ अदालतले कुनै प्रमाणको खोजितर्फ गएको देखिँदैन। प्रतिबादीले सम्पत्ति बिबरण भर्दा उक्त आय नहुने बयान गर्दा के कुन आधारमा उक्त रकमलाई आयमा गणना गर्नुपर्ने हो आधार र प्रमाण यी प्रतिबादीले पेश गर्न सकेको अवस्था समेत देखिँदैन। यी प्रतिबादीले बिना प्रमाण मिलोमतो गरी सम्मानित आयोगमा १३ पाने सम्पत्ति बिबरण भरी मौकामा बयान गरिसकेपछी बयानको अन्तिम दिनमा मात्र बैना भनिएको कागज पेश गरी दुई पक्षको मिलोमतोमा लेनदेन बैना रकम दिलाईपाउ भन्ने मुद्दा हाली सोही मिलोमतोको आधारमा अन्य

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रमाण बुझदै नबुझी गरेको फैसलालाई मात्र आधार मानी गरेको उक्त फैसला त्रुटिपूर्ण रहेको छ।<br>• प्रतिबादी मध्येको दिपा श्रेष्ठले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानको स.ज. ४१ मा "...पेश भएको लिखत अनुसार बैना लिएको हो। मेरो प्रिमियम तिर्न, आकश्मिक औषधउपचार गर्न, ऋण तिर्न पर्नेको लागि सुरक्षण लिखत दिएको हो केही रकम उक्त कार्यहरूको लागी लिएको छु पछि आबश्यक परेको बखत रकम लिने र जग्गा पास गर्ने सममती ब्यबहारिक रूपमा भएको.." भनी बयान गरेबाट समेत बैना गरेको रकम सम्पूर्ण लिएको भन्ने देखिँदैन। प्रतिबादीबाट बैना रकम लिएको कुनै बैंकमार्फत लेनदेन गरेको अबस्था देखिँदैन। बाँकी रकम के कसरी कहिले प्राप्त गरेको हो भन्ने केही खुलाउन नसकेको स्थितिले समेत यी प्रतिबादीको जिकिर समेत आफैमा खण्डनिय रहेको छ ।<br>• प्रतिबादीले जग्गा बैना लिने ब्यक्ति फरक फरक ब्यक्तिको एउटै ब्यक्तिलाई वारेस दिई दुईवटा फिराद एकै दिन मिति २०८० बैशाख १७ गते ओम कृष्ण श्रेष्ठ मार्फत बैना रकम फिर्ता दिलाई पाउ भन्ने फिराद दिन लगाई वारेश साबित्री अधिकारीलाई वारेस दिई मिलुवा प्रतिउत्तर मिति २०८०।०२।०८ गते फिराई फैसला गरेको देखिन्छ र सम्मानित अदालतबाट तत्कालको अवस्थामा फैसला गर्दा अन्य प्रमाण बुझेको अवस्था समेत नरहेको देखिन्छ।<br>• सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन २०६४ को दफा ४४ग को उपदफा १ को ब्यबस्था बमोजिम अर्थ मन्त्रालयको मिति २०७३।१२।१० को राजपत्रको सूचना अनुसार प्रचलित कर सम्बन्धी कानूनले अन्यथा ब्यबस्था गरेकोमा वा देहाय बमोजिमको अबस्थामा बाहेक सम्वत् २०७४ साउन १ गतेदेखि कुनै ब्यक्ति, फर्म, कम्पनी वा संस्थाले एक पटकमा दश लाख रूपैया वा सो भन्दा बढी मूल्यको कुनै सेवा वा संस्थाले एकपटकमा दश लाख रुपैया सो भन्दा बढी मूल्यको कुनै सेवा वा बस्तु को खरिद बिक्री वा अन्य कारोवार गर्दा बित्तीय संस्था वा बैंकिङ उपकरण मार्फत गर्नु पर्ने गरी सीमा निर्धारण गरेको भन्ने समेत ब्यहोराको सूचना प्रकाशित भएको देखिन्छ। यी प्रतिबादीले उक्त सूचना बमोजिम कारोवार गरेको समेत देखिँदैन। प्रतिबादीले प्रत्येक बर्ष राष्ट्रिय कितावखानामा (निजामती) मा बुझाएको सम्पत्ति विवरण फाराममा समेत वैनाबट्टाको कागजमा उल्लेखित रकम प्राप्त गरेको भनी कहि कतै खुलाएको देखिँदैन। आयोगमा गैरकानूनी सम्पत्ति आर्जनको उजुरीमा अनुसन्धान अगाडी बढेसँगै बैनाबट्टाको कागज तयार गरेको देखिएको, बैना गरेका ब्यक्तिहरूले जग्गा पास गर्ने भाखा हुदै हतार हतार बैना फिर्ता मुद्दाहरू काठमाण्डौ जिल्ला अदालतमा दायर गरेको र बैना गर्ने ब्यक्तिहरु तिलक बहादुर भण्डारी र नरेश कुमार राजभण्डारी दुबै जनाले एकै वारिस राखी मुद्दा दायर गरेको समेत देखिन आएको हुँदा उल्लिखित बैनाबट्टाको लिखत बिश्वसनिय नदेखिएकोले उल्लेखित रकमलाई आयमा गणना गर्न नमिल्ने हुँदा विशेष अदालतबाट भएको फैसला त्रुटीपूर्ण रहेकोले बदरभागी छ।<br>• **<u>सुन बिक्रि आयः-</u>**<br>• प्रतिवादी मधुकर प्रसाद राजभण्डारीले अनुसन्धानको क्रममा पैत्रिक सुन विक्री गरी रु.५,००,०००।– आय प्राप्त गरेको भनी सयपत्री ज्वेलर्स सुन पसलको विक्री गरेको विल पेश गरेको भएतापनि उक्त विक्री गरेको सुन प्राप्तिको स्रोत पैतृक/खरिद/दाइजो मध्ये कुन रहेको भन्ने पुष्टी हुने वस्तुनिष्ठ कागज प्रमाण निजले पेश गर्न नसकेको अवस्थामा प्राप्तिको स्रोत पैतृकै हुनसक्छ भनी अनुमानको आधारमा उक्त सुन विक्रीबाट प्राप्त रकमलाई आयमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गणना गर्न उपयुक्त नहुने भएकोले गणना नगरी आरोपपत्र दायर गरिएकोमा विशेष अदालतबाट रू १५,००००।—लाई प्रतिबादी सुन बिक्रि आय भनी आय गणना गरिएको छ।<br>• यस सन्दर्भमा, प्रतिवादीले आयोगमा पेश गरेको सम्पत्ति बिबरणमा सुन चाँदीको महलमा ८ तोला बिक्री गरेको भनी उल्लेख गरेको देखिन्छ तर के कति रूपैयाको दरले बिक्रि गरी कति आम्दानी प्राप्त गरेको हो भनी दावी लिन सकेको समेत देखिँदैन। प्रतिबादीले मौकामा रू ५,००,०००।— बराबरको सुन बिक्रि गरेको भनी आय दावी गरेको र आयोगमा सम्पत्ति बिबरण भर्दा ८ तोला सुन बिक्रि गरेको भनी उल्लेख गरे पनि अदालतमा उपस्थित भई आय दावी गर्दा के कति कारणले मौकामा उक्त १५ लाखको बराबरको सुन बिक्रि गरेको आय दावी गर्न नसकेको तथा बस्तुनिष्ठ आधार प्रमाण केही पेश नगरी केबल कसूरबाट उन्मुक्ति प्राप्त गर्न १५ लाख को सुन बिक्रि गरेको भनी जिकिर लिएकै आधारमा बैधानिकता परिक्षण नगरी प्रतिबादीको आयमा गणना गरिएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ।<br>• **अतः** माथि उल्लेखित सम्पूर्ण आधार र कारण समेतबाट प्रतिवादी मधुकर प्रसाद राजभण्डारीले सार्वजनिक पद धारण गरेको अवधिमा गैर कानुनी रुपमा आर्जन गरेको सम्पत्ति र सो बाट बढे बढाएको सम्पत्ति समेत आफ्नो र एकासगोलकी पत्नी दिपा श्रेष्ठको नाममा समेत राखेको देखिई यी प्रतिवादीहरुले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा मिसिल संलग्न समग्र प्रमाणको उचित मुल्यांकन नगरी एवम् सम्मानित सर्बोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी गैर कानूनी रुपमा आर्जन गरको सम्पत्तीबाट बढे बढाएको सम्पत्तीलाई समेत प्रतिवादीको बैध आय कायम गरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला बदर गरि प्रतिवादी मधुकर प्रसाद राजभण्डारी र दिपा श्रेष्टलाई आरोप माग दावी बमोजिम सजाय गरी पाउन सादर अनुरोध गरिन्छ। |